# मानवताको संरक्षणमा पौरस्त्य धर्मदर्शन र अन्तर्राष्ट्रिय कानुन

**डा. रेशम विष्ट**[१]

**इमेल** : bista935@gmail.com

Bista, R. (2026). मानवताको संरक्षणमा पौरस्त्य धर्मदर्शन र अन्तर्राष्ट्रिय कानुन. *Sambahak: Human Rights Journal*, *26*(1), 71–92. https://doi.org/10.3126/sambahak.v26i1.96284

***सार-सङ्क्षेप***

*प्रस्तुत लेखको मुख्य उद्देश्य हिन्दु र बौद्ध धर्मदर्शनका दृष्टिकोणले आधुनिक वैश्विक मानव अधिकार र मानवीय कानुनमा परेको प्रभावबारे प्रकाश पार्नुरहेको छ। जुन उद्देश्य प्राप्तिका लागि गुणात्मक अनुसन्धान विधि अपनाएर हिन्दु र बौद्ध धर्मका प्रमुख ग्रन्थहरू जस्तै वेद, उपनिषद, भागवत गीता, धम्मपद, महाभारत र रामायणजस्ता धार्मिक ग्रन्थमा उल्लिलखित युद्ध, व्यक्ति स्वतन्त्रता, अहिंसा र शान्तिका बारेमा लेखिएका उपलब्ध साहित्यहरूको समीक्षा साथै पौरस्त्य मानवता, युद्ध र शान्तिसम्बन्धी धर्मदर्शनलाई आधुनिक पाश्चात्य मानव अधिकारका अवधारणासँग जोडेर विश्लेषण गरिएको छ। यस समीक्षात्मक छलफल र विश्लेषणलबाट आधुनिक मानव अधिकारका आधारभूत सिद्धान्त र विकासमा प्राचीन पौरस्त्य हिन्दु र बौद्ध धार्मिक परम्पराको महत्त्वपूर्ण योगदान देखिन्छ । आजको मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय घोषणापत्र, सन्धि र ऐच्छिक आलेखमा उल्लेख भएका मानव अधिकारका मूल्यमान्यता, युद्धनीतिलगायतका वषयहरू पौरस्त्य धर्म दर्शन परम्परामा समेत उल्लेख भएको पाइन्छ। हिन्दु धर्मको "धर्मयुद्ध" सिद्धान्तले युद्धको न्यायसङ्गत आधार र युद्धमा नैतिकताको महत्त्वलाई उजागर गरेको छ भने बौद्ध धर्मको अहिंसा सिद्धान्तले जीवन र शान्तिपूर्ण सहअस्तित्वको मूल्यलाई बल दिएको छ। जुन मान्यताहरू आजका मानव अधिकारका आधारभूत सिद्धान्त हुन्। यो लेखले मानव अधिकार र धर्म दर्शनबीचको अन्तरसम्बन्धलाई विश्लेषण गरेको छ।*

***प्रमुख शब्दकुञ्जीहरू***: पौरस्त्य दर्शन, धर्मयुद्ध, मानव अधिकार, मानवीय कानुन, धार्मिक स्वतन्त्रता

[१] उपप्राध्यापक, अंग्रेजी; अंग्रेजी र नेपाली केन्द्रीय विभाग, मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत, नेपाल ।

## पृष्ठभूमि

मानव अधिकारको ऐतिहासिक उदय र विकाससम्बन्धी साहित्यहरूको अवलोकन गर्दा यसको अवधारणा पश्चिमी राजनीतिक दर्शनमा आधारित रहेको पाइन्छ। धेरै लेखकहरूले मानव अधिकारको विकासलाई शास्त्रीयकालमै विकास भएको उल्लेख गरेका छन्। कतिले प्राकृतिक कानुन (Natural Law) र प्राकृतिक अधिकारहरूको विकासमार्फत दोस्रो विश्वयुद्धपश्चात् प्राकृतिक कानुनको पुनरुत्थान भई आधुनिक मानव अधिकारको विकास भएको उल्लेख गरेका छन्। सत्रौं र अठारौं शताब्दीको बेलायत, अमेरिका र फ्रान्समा सम्पन्न संवैधानिक क्रान्तिहरू र तिनले गरेका अधिकारसम्बन्धी घोषणाहरूलाई आधुनिक मानव अधिकारको प्रारम्भिक दस्तावेजको रूपमा पनि औंल्याएको पाइन्छ (Davidson, 2001)। यद्यपि मानव अधिकारको अवधारणा केवल पाश्चात्य जगतको निर्माणमात्र होइन, मानव अधिकारको अवधारणाको विकासमा पौरस्त्य दर्शनको प्रभाव पनि उत्तिकै देखिन्छ। पश्चिमा जगतमा भएको दुई ठुला विश्वयुद्ध र यिनको अन्त्यसँगै सुरूवात भएको मानव अधिकारको चर्चाको कारण यससम्बन्धी विमर्शमा पाश्चात्य प्रभाव अधिक देखिन्छ तापनि धेरै लेखकहरूले पौरस्त्य धार्मिक परम्परा जस्तै इस्लाम, बौद्ध धर्म, कन्फुसियनवाद र हिन्दु धर्ममा *प्रोटो-ह्युमन राइट्स* सम्बन्धी मान्यताहरू रहेको उल्लेख गरेका छन् (Ishay, 2008)। यी धार्मिक र दार्शनिक परम्पराहरूले स्पष्ट रूपमा मानव अधिकारक बारेमा उल्लेख गरेका छैनन्। पौरस्त्य धर्ममा समाजमा बस्दा मानिसले एकअर्काप्रति पालना गर्नुपर्ने कर्तव्यहरूमा बढी केन्द्रित रहे पनि तिनीहरू मानव मर्यादाको संरक्षण र प्रवर्द्धनमा चासो राखेको पाइन्छ (Davidson, 2001)। यसले स्पष्ट हुन्छ कि मानव अधिकारको अवधारणा पौरस्त्य वैदिक धर्ममा प्राचीन समयमै थियो तथापि व्यापक अध्ययन र विश्लेष्णको अभावले तिनको चर्चा ओझेलमा परेको देखिन्छ । प्राचीन पौरस्त्य सभ्यताहरूमा देखिएका धर्मदर्शनहरूले आधुनिक मानव अधिकार अवधारणाको जग हाल्ने काम गरेका छन्।

उल्लिखित सन्दर्भमा Vyas र Murarka (2018) अगाडि भन्छन्, एशियाली क्षेत्रमा पौरस्त्य ग्रन्थमा मानव अधिकारका बारेमा उल्लेख भएको भएपनि प्रायः त्यस्ता प्राचीन पौरस्त्य ग्रन्थहरूलाई धार्मिक दृष्टिकोणबाट मात्र विश्लेषण गरिएको छ। पौरस्त्य ग्रन्थमा रहेको मानव अधिकारको मान्यतालाई आधुनिकीकरण नहुँदा विद्यमान मानवीय मूल्यमान्यता र अधिकारसम्बन्धी अवधारणाले चर्चा पाउन सकेन। साथै 'मानव अधिकार' भन्ने पदावली प्रयोग नभए पनि मानिसका लोक जीवनका विभिन्न आयामहरू जस्तै रीति-रिवाज, मान्यता र अभ्यासमार्फत मानिसको जीवनशैलीमा गहिरो प्रभाव पारेको थियो। यो अभ्यास धर्म र सामाजिक जीवनसँग जोडिनुको साथै देशविशेषको इतिहास, समाज, संस्कृति र मूल्यसँग पनि मानव अधिकारको गहिरो सम्बन्ध हुन्छ। त्यतिबेलाका समाजहरू आफ्नै स्वायत्तता

र सन्तुलनको क्षेत्रमा अवस्थित र धार्मिक भिन्नताका बाबजुद सहअस्तित्वमा रहेका थिए। सम्राट वा राजा राष्ट्रका संरक्षक मानिन्थे (Subedi, 1999)। यसै सम्न्दर्भमा सुवेदी थप तर्क गर्छन्, मानव अधिकारको सार्वभौमिकता संसारका सबै प्रमुख सभ्यताहरूमा पाइने सार्वभौमिक मूल्यहरूमा आधारित छ। प्राचीन हिन्दु धर्मग्रन्थहरूबाट उद्धृत हिन्दु विचार मानव अधिकारविरूद्ध छैन। राज्यका आन्तरिक मामिलामा धर्मनिरपेक्षता (Secularism), बाह्य विश्वसँग व्यवहार गर्दा सार्वभौमिक विश्वव्यापी दृष्टिकोण (Universalism) र फरक आस्था तथा विश्वास भएका विदेशी शक्तिसँग सम्बन्ध राख्दा शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तप्रति प्रतिबद्धताजस्ता अवयवहरू पौराणिक हिन्दु राजनीतिक चिन्तनमा पाइन्छन्। यद्यपि, प्रारम्भदेखि हिन्दु व्यवहारका केही अभ्यासहरू भने केही मानव अधिकार मूल्यहरूसँग विरोधाभासी पनि देखिन्छन् (1999, p. 45)।

अतः प्रमुख प्राचीन सभ्यताहरूलाई हेर्दा प्रत्येक सभ्यताले युद्ध वा शान्ति दुवै अवस्थामा मानिसहरूको सुरक्षा र मर्यादाको रक्षा गर्ने आफ्नै तरिका राखेका पाइन्छ। पौरस्त्य र पाश्चात्य मानव अधिकारको ऐतिहासिक दार्शनिक र सांस्कृतिक अवस्थाको तुलनात्मक अध्ययनबाट Owakah & Francis (2025, p. 56) ले पौरस्त्य हिन्दु र बौद्ध परम्परामा धर्मनिरपेक्षता, व्यक्तिगत स्वतन्त्रता र सार्वभौमिकता मूलतत्त्वहरू रहेको उल्लेख गरेका छन्। साथै उनीहरू अगाडि उल्लेख गर्छन कि यी दुई महत्त्वपूर्ण पौरस्त्य दर्शनमा आधारित मान्यताहरूमा पहिल्यै मानव अधिकारका मूल्यहरू अन्तर्निहित थिए। यस्तो दर्शनको प्रभावमा रहेका पौरस्त्य समाजले सामूहिक मूल्य र सामाजिक मेलमिलापमा र पश्चिमा समाजले व्यक्तिगत अधिकारलाई बढी जोड दिएको चर्चासमेत गरेका छन् ।

धर्म र अन्तर्राष्ट्रिय कानुनबीचको नजिकको सम्बन्ध हुँदाहुँदै पनि दुवैको सम्बन्धका बारे पर्याप्त अध्ययनको आभाव देखिन्छ। विशेष गरी धर्मको अन्तर्राष्ट्रिय कानुनमा प्रभावको तुलनात्मक अध्ययन आधुनिक समयमा उपेक्षित क्षेत्र मानिन्छ। किनकि धर्मका अस्पष्ट मूल्यहरूसँगको आधुनिक मानव अधिकार र कानुनमा प्रस्ट र सिधा प्रभाव नदेखिने भएकोले यसको अनुसन्धानलाई वेवास्ता गरिएको हुनसक्छ। यस सन्दर्भमा Janis & Evans (1999) ले यसका दुई कारणहरू औंल्याएका छन्। पहिलो अन्तर्राष्ट्रिय कानुनलाई १९औं र २०औं शताब्दीमा 'विज्ञान' बनाउन प्रयास गरियो, यस्तो प्रयासले कानुनबाट धर्मलाई बाहिर राख्यो। दोस्रो, गैर-पश्चिमी राष्ट्रहरूको समावेशीकरणका मुद्दाका कारण अन्तर्राष्ट्रिय कानुनविदहरूले सबै विश्वका फरकफरक भाषा धर्म र संस्कृति भएका मानिसलाई समेट्नुपर्ने भएकाले धर्म, नैतिकता र आचारशास्त्र अन्तर्राष्ट्रिय कानुनसँग जोड्न चाहेनन् तथापि आधुनिक अन्तर्राष्ट्रिय कानुन प्राचीन धर्मको आडमा रूपान्तरण हुँदै त्यही धर्मका मार्ग पछ्याउँदै आरम्भिक सोच र शक्तिबाट प्रभावित भएको पाइन्छ। आधुनिक मानवीय अन्तर्राष्ट्रिय कानूनी विकासमा अझै पनि अपूर्णताहरू छन् । त्यस्ता अपूर्णतालाई पूर्ण बनाउन प्राचीन धर्मदर्शनको

ज्ञानतर्फ फर्केर हेर्न आवश्यक देखिन्छ। यही सन्दर्भलाई आत्मसात गर्दै यस समीक्षात्मक लेखमार्फत तल उल्लित अनुसन्धानका प्रश्नहरूको उत्तर खोजिएको छ।

### १.१. अनुसन्धान प्रश्नहरू (Research Questions)

- मानवीयहिन्दु धर्मको युद्धनीति र बौद्ध धर्मको अहिंसाको सिद्धान्त आधुनिक अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारसँग कसरी सम्बन्धित छन्?
- हिन्दु र बौद्ध धर्मका दर्शनले व्यक्तिगत स्वतन्त्रता, धर्मनिरपेक्षता, अहिंसासम्बन्धी अवधारणालाई कसरी परिभाषित गर्छन् र यी अवधारणाहरू आधुनिक मानव अधिकारका ढाँचासँग मेल खान्छन्?

### १.२. अध्ययनको औचित्य (Rational of the Study)

मानव अधिकार, कानूनी शासन र प्रजातन्त्रको विकासमा पश्चिमी सभ्यताहरूको योगदानलाई विभिन्न साहित्यमा उल्लेख गरिए पनि पौरस्त्य सभ्यताहरूका मान्यता र तिनीहरूको मानव अधिकारको विकासमा योगदानका बारेमा कम अध्ययन गरिएको छ। पश्चिमी विद्वानहरू प्रायः पौरस्त्य सभ्यताहरूका विशाल दार्शनिक धरोहरसँग परिचित छैनन साथै उनीहरूले इतिहासमा फर्केर पौरस्त्य सभ्यताहरूको योगदानलाई बुझ्न कोशिस गरेको पनि देखिँदैन। Alexandrowicz (1968, p. 121) का शब्दमा भन्नुपर्दा "वर्तमानलाई विगतमा प्रक्षिप्त गर्ने र मानव अधिकारको इतिहासलाई ex post facto मापदण्डबाट व्याख्या गर्ने भ्रम" ले गर्दा पौरस्त्य धर्मदर्शनको मानव अधिकारमा प्रभाव नभएको हुनसक्छ ।त्यसैले यस अध्ययनले पौरस्त्य सभ्यताहरूमा मानव अधिकारका प्रारम्भिक अवधारणाहरूका पौराणिक धार्मिक प्रमाणलाई उजागर गर्दै, यी सभ्यताहरूले आधुनिक मानवीय कानुन र मानव अधिकारका अवधारणाहरूमा गरेको योगदानलाई बुझ्न र बुझाउनका लागि महत्त्वपूर्ण हुनसक्छ।

## ३. अध्ययन विधि (Research Methodology)

प्रस्तुत लेखको अध्ययन पुस्तकालीय कार्यमा आधारित भई गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ। यसका लागि नेपाली र विशेष गरी अङ्ग्रेजी भाषामा प्राप्त भएका हिन्दु र बौद्ध धर्मका परम्परामा धर्म, मानवीय कानुन, धर्मनिरपेक्षता, व्यक्तिगत स्वतन्त्रता, अहिंसा, र शान्तिका सिद्धान्त विषयसँग सम्बन्धित विभिन्न सन्दर्भपुस्तक, जर्नल, अनुसन्धनात्मक लेख, वेबसाइटमा उपलब्ध साहित्यहरूको समीक्षा गरिएको छ । जसमा हिन्दु र बौद्ध धर्मका प्रमुख ग्रन्थहरू जस्तै वेद, उपनिषद्, भगवद्गीता आदि माथि विद्वानहरूले गरेका विश्लेषणलाई आधार बनाइएको छ। पौरस्त्य धार्मिक परम्पराहरूले धार्मिक र व्यक्तिगत स्वतन्त्रता र अहिंसासँग मानिसको सम्बन्धलाई कसरी

उल्लेख गर्छन् भन्ने बारेमा विश्लेषण गर्दै आधुनिक मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसँग कसरी सम्बन्धित रहेका छन् भनी व्याख्या गरिएको छ। उल्लिखित विषयमा उपलब्ध साहित्यको समीक्षालाई विभिन्न उप-शीर्षकहरूमा विश्लेषण गरिएको छ। साथै अध्ययनका लागि आधुनिक मानवीय कानुन र मानव अधिकारका सिद्धान्तहरू जस्तै जेनेभा महासन्धिहरू,१९४९ र मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ का केही अंशसमेत विश्लेष्णका लागि प्रयोग गरिएको छ।

## ४. छलफल र विश्लेष्ण (Discussion and Analysis)

### ४.१. धर्मको अवधारणा र मानवीय कानुन (Concept of Religion and Humanitarian Law)

धर्म शब्द संस्कृतको 'धृ' धातुबाट उत्पन्न भएको हो। यसको अर्थ “धारण गर्नु”, "राख्नु” वा “संरक्षण गर्नु” हो, जसले संसारको शाश्वत नियम र व्यवस्थालाई कायम राख्छ।

*अद्रोहः सर्वभूतेषु कर्मणा मनसा गिरा।*

*अनुग्रहश्च दानं च सतां धर्मः सनातनः॥*

मन, वाणी र क्रियाद्वारा कुनै पनि प्राणीसित द्रोह नगर्नु, सबैमा दया भाव राख्नु र दान दिनु साधु पुरूषहरूको सनातन धर्म हो। धर्मले 'मार्ग' र 'उद्देश्य' अथवा साधन र साध्य दुवै अवस्थालाई जनाउँछ (Bhramchari, 2082 BS)। धर्मको अवधारणा शान्ति र सुरक्षाको संरक्षण गर्नु हो, जसले संसारभरका व्यवस्थामा कानुन र अनुशासनद्वारा सन्तुलन कायम राख्दछ। धर्म केवल देवदेवीहरूको पूजामात्र नभएर एक लौकिक र सार्वभौमिक दर्शन र विचार पनि हो (Subedi, 2021)। त्यसैले धर्म के हो भन्ने भन्दा कसरी हो भन्ने पक्ष महत्त्वपूर्ण हुन्छ, जुन आचरणको धर्मको रूपमा प्रकट हुन्छ, त्यसैले यसलाई कानुन र नैतिकताका रूपमा पनि परिभाषित गर्न सकिन्छ (Glucklich, 1994, p. 7-8)। धर्म केवल 'धर्म' वा 'मजहब' मात्र होइन, यो सबै कार्यहरूलाई नियमन गर्ने सार्वभौम नियम पनि हो (Sastry, 1966)। धर्म कानुन हो। यसले समाजलाई नियमन गर्छ र नागरिकलाई सामाजिक नीतिनियमहरूका बारे जानकारी दिन्छ (Koller, 1982, p. 62)। यस अर्थमा, धर्मलाई समाजका सबै कार्यहरूको मार्गदर्शन गर्ने सार्वभौमिक नियमको रूपमा प्रस्तुत गर्न सकिन्छ। त्यसैले धर्म नै धार्मिकता वा न्यायको नियम हो। यसले व्यक्ति, परिवार, समुदाय र राज्यबीचको सम्बन्धहरूलाई सन्तुलित गर्छ। Younger का अनुसार, धर्म शब्दले केवल मानवीय जीवन र गतिविधिका पक्षहरूमा मात्र नभई सम्पूर्ण ब्रह्माण्डीय व्यवस्थामा प्रकट हुने क्रम (Order) भनी बताएका छन्। थप उनी अगाडि भन्छन्:

धर्मको मूल अवधारणा नै ब्रह्माण्डीय व्यवस्था हो। यदि विश्वमा कुनै संरचना र व्यवस्था नै हुने थिएन भने न समाजले न व्यक्तिले आफ्नो स्थान थाहा पाउने थियो। समाज यो ब्रह्माण्डीय

व्यवस्थाको विस्तार हो। यसको सीमा ब्रह्माण्डसम्म फैलिएको छ र यसको नियमहरू पनि ब्रह्माण्डीय क्रमलाई सेवा गर्ने उद्देश्यले बनाइएका छन्। समाज कुनै सैन्य विजय वा जातीय बसाइँसराइका आकस्मिक परिणामहरूबाट बनेको स्वतन्त्र संरचना होइन । यो ब्रह्माण्डीय ढाँचाको एउटा पक्ष हो, जसको सम्बन्ध पशु र देवताका अस्तित्वसँग पनि जोडिएको छ। यसको यसै ब्रह्माण्डीय सम्बन्धका कारण समाजले आफ्ना स्वार्थका लागि नियम बनाउन स्वतन्त्रता पाउँदैन । बरू उसले आफ्नो जीवनलाई यस्तो ढङ्गले सञ्चालन गर्नुपर्छ, जसले सम्पूर्ण विश्वव्यवस्थामा सन्तुलन ल्याउँछ (1982, p.35-36) ।

संसारमा हिन्दु, यहूदी, बौद्ध, कन्फ्यूसियन, र इस्लामिकलगायतका धर्महरू प्रचलनमा छन्। तीमध्ये हिन्दु धर्म प्राचीन धर्म मानिन्छ। यो धर्मको उत्पत्ति र विकासक्रमबारे बुझ्दा प्राचीन समयमा उर्वर उपत्यका सिन्धु नदीका किनारमा (आजको पन्जाब क्षेत्र) बसोबास गर्ने मानिसहरूलाई अरूले उनीहरूलाई *हिन्दु* भनेर सम्बोधन गर्थे तर ती आर्य वंशका मानिसहरूले आफूलाई हिन्दु भन्दैनथे। उनीहरू '*ऋत*' भनिने शाश्वत धर्मका अनुयायी थिए, जसको वर्णन तिनका धार्मिक ग्रन्थ वेदहरूमा पाइन्छ। वेदकालीन '*ऋत* ' भन्ने धारणा पछि पुराणकालमा '*धर्म*' का नामले चिनिन थाल्यो। यस धर्मका अनुयायीहरूलाई नै *हिन्दु* भनियो। त्यसपछि '*हिन्दुत्व* ' वा '*हिन्दु*' *धर्म* 'शाश्वत' धर्म (सनातन धर्म) को पर्यायवाची बन्यो। हिन्दु धर्मबारे Sastry ले सङ्क्षेपमा भनेका छन्, "हिन्दुहरूको धर्म केवल धर्म होइन, यो दर्शन पनि हो र केवल धर्म र दर्शनमात्र होइन, यो जीवन जिउने तरिका पनि हो (1966, p. 507)" । हिन्दु धर्ममा राजा र योद्धाहरूका अधिकार र कर्तव्यहरू, अन्तरराज्यीय सम्बन्धका मापदण्ड र मानवीय जीवनका सबै पक्ष र चरणहरूका नियमहरू समेटिएका हुन्छन् (Chacko, 1958)। यी सबै नियमहरूको सारलाई नै धर्म भनिन्छ । पौरस्त्य वा पश्चिमी दुवैतिरका विद्वानहरूले हिन्दु धर्मलाई अझैसम्म पूर्णरूपमा व्याख्या गरेका छैनन् (Subedi, 2021)।

हिन्दु धर्म सनातन धर्म (जहाँ सनातन को अर्थ शाश्वत र सर्वव्यापी हुन्छ) र वैदिक धर्मका (वेदमा आधारित धर्म) नामले पनि चिनिन्छ। हिन्दु धर्म असङ्ख्य ग्रन्थहरूमा आधारित छ। हिन्दुहरूलाई आफ्नो धर्ममा नयाँ विचार र तत्त्वहरू समावेश गर्ने स्वतन्त्रता भएकोले यसमा धेरै टीकाटिप्पणी, थप परम्परा र शिक्षाहरू विकसित भएको पाइन्छ। हिन्दु धर्मका प्रमुख स्रोतहरू श्रुति र स्मृति हुन्। 'श्रुति' को शाब्दिक अर्थ "जे सुन्नमा आएको हो" भन्ने र 'स्मृति' को अर्थ "जे सम्झनामा रहन्छ" भन्ने हुन्छ। यस अर्थमा, श्रुति दैवी प्रकटीकरण (Revelation) हो भने स्मृति परम्परा (Tradition) हो। श्रुतिहरूमा चार वेद *ऋग्वेद, सामवेद, यजुर्वेद,* र *अथर्ववेद* रहेका छन्। हरेक वेद चार भागमा- संहिता (स्तुति वा मन्त्र), ब्राह्मण (कर्मकाण्ड), आरण्यक (व्याख्या वा अर्थानुवाद) र वेदान्त (उपनिषद्) आदिमा विभाजित छन् (Penna,1985)। हिन्दु धर्मका विभिन्न ग्रन्थमध्ये *भगवद्गीता*

("भगवानको गीत", करिब इ.पू. २००) सबैभन्दा प्रभावशाली ग्रन्थ मानिन्छ, जुन *महाभारत* महाकाव्यको एक भाग हो (Subedi, 2003)। मनु, याज्ञवल्क्य र पराशर प्राचीन भारतका सबैभन्दा प्रसिद्ध धर्मसंहिताकार हुन् । स्मृतिहरू उनीहरूको नाममा आधारित छन्। हिन्दु धर्मका कुल १८ मुख्य स्मृतिहरू हिन्दु न्यायशास्त्र, धर्म र कानुनका आधारस्तम्भ हुन् (Wilson, 1972)। श्रुति, स्मृति र अन्य धर्मशास्त्रहरूले समाजका नियममात्र नभई राजनीति, मानव अधिकार र मानवीय कानुनसम्बन्धी नियमहरू पनि समेटेका छन्, जुन धर्ममा आधारित सामाजिक संरचना स्थापित गर्नप्रति निर्देशित हुन्छन्।

वेदमा ब्रह्माण्डीय व्यवस्थालाई संरक्षण गर्ने सद्गुणी र यसलाई बिगार्ने दुर्गुणीबारे उल्लेख छ। वेदअनुसार प्राचीन वैदिक समाजमा धर्म र ब्रह्माण्डीय सन्तुलनको रक्षाका लागि गरिएको युद्धलाई न्यायसङ्गत ठहरिन्थ्यो। सही र गलत अर्थात् सद्गुण र दुर्गुणका बारेमा हिन्दु धर्मका पवित्र ग्रन्थहरू चार वेद, अन्य धर्मशास्त्र १०८ उपनिषद्, १८ पुराण, सयभन्दा बढी उपपुराण र थुप्रै स्मृतिहरू उल्लेख भएको पाइन्छ (Griswold, 1971)। कन्फ्युसियनवाद, बौद्ध धर्म, इस्लाम वा क्रिश्चियन धर्मजस्तै हिन्दु धर्मलाई कुनै एक व्यक्तित्व राजकुमार, पैगम्बर वा उद्धारकर्तासँगमात्र जोड्न सकिँदैन साथै यसको आरम्भलाई कुनै निश्चित मितिमा बाँधन सकिन्छ (Eyffinger, 1996, p.202 )। सनातनदेखि चलिआएका यी धर्मशास्त्रहरूले शान्त र अनुशासित समाजको चित्रण गर्छन् । धेरै पुराणहरूले धर्मका अनुयायीहरू र धर्म नष्ट गर्न खोज्नेहरूबीच भएका युद्धहरूको वर्णन गर्छन्। त्यसै परम्पराअनुसार, आर्य (सदगुणको प्रतीक) र अनार्य (राक्षस आदिका रूपमा चित्रित दुष्कर्मीहरू) बीच धेरै युद्धहरू भएको विवरण उल्लेख गरिएको छ (Subedi, 2007)। प्राचीन हिन्दु धर्मका ग्रन्थहरूमा इस्लाम वा क्रिश्चियनलगायत अन्य धर्मका अनुयायीहरूप्रति कुनै वैमनस्यताबारे उल्लेख भएको छैन। यसले हिन्दु धर्मको आधार नै सार्वभौमिक दृष्टिकोण भएको संकेत गर्दछ । हिन्दु धर्मको सार्वभौमिक दृष्टिकोणका सन्दर्भमा Eyffinger ले थप टिप्पणी यसरी गरेका छन् :

प्राचीन भारतको राजनीतिक र अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी सोचको अनौठो विशेषता नै यसको सार्वभौमिकताको आग्रह हो। यो धारणा धार्मिक र राजनीतिक दुवै सन्दर्भमा पाइन्छ। यसले व्यक्तिको आत्मा पनि सार्वभौमिक छ भन्ने विश्वास गर्छ। राजनीतिक दृष्टिले यो सोचले हिंसामुक्त शासनप्रणाली र सबै प्राणीहरूमा समान दृष्टिकोणमा आधारित विश्वव्यवस्थाको कल्पना गर्छ। अन्तरराज्यीय सम्बन्धमा आस्तिक वा नास्तिकबीच कुनै भेद मानिएको छैन। त्यसैले धर्मशास्त्रका नियमहरूमा स्पष्ट भनिएको छ कि युद्धमा संलग्न सबै पक्षहरूले हरेक समय र परिस्थितिअनुसार युद्धका नियमहरू पालना गर्नैपर्छ (Eyffinger, 1996, p. 204-205)।

हिन्दु धर्ममा न्यायपूर्ण युद्धको अवधारणा धर्म र अधर्म, न्याय र अन्यायबीचको संघर्षमा आधारित छ। यो जात, धर्म वा सीमाभन्दा पर छ। जब कसैको अधिकार खोसिन्छ, कसैकी पत्नीलाई बलपूर्वक अपहरण गरिन्छ, वा कसैको सम्पत्ति हडपिन्छ, त्यस्ता अन्यायहरूले नै *रामायण* र *महाभारत*का युद्धहरू जन्माएका थिए। *रामायण*मा वर्णित राम र रावणबीचको युद्ध रावणले सीतालाई अपहरण गरेपछि भयो। *महाभारत*मा वर्णित कुरूक्षेत्रको युद्ध एउटै राजवंशका दुई पक्ष कौरव र पाण्डवबीच भयो, कौरवहरू अन्याय र अधर्मका प्रतीक थिए । पाण्डवहरू धर्म र न्याय पुनर्स्थापनाका लागि लडेका थिए। *महाभारत* केवल महाकाव्यमात्र नभई यो जीवनको नीति, सामाजिक र नैतिक सम्बन्धहरूको दर्शन र मानवीय समस्यामाथि गहिरो चिन्तन समेट्ने विशाल साहित्य हो। यसको मूल आत्मा *भगवतगीता* हो, जुन वेदहरूको सार मानिन्छ। गीतामा भगवान् युद्ध दुष्टको विनासका लागि हुन्छ भनी श्रीकृष्णको भनाइ उल्लेख छः

*यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत।*
*अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥४-७॥*

*परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।*
*धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥४-८॥*

“जब-जब धर्मको ह्रास हुन्छ र अधर्म बढ्छ, तब म पृथ्वीमा सत्पुरूषहरूको रक्षाका लागि र दुष्टहरूको विनाशका लागि अवतार लिन्छु (Gita, 4.7: 1977 cited in Subedi, 2021)" । यसरी, हिन्दु धर्ममा 'धर्मयुद्ध' विदेशी वा अन्य धर्मका मानिसहरूसँगको युद्ध नभई यो अधर्म, अन्याय र असत्यका विरूद्धको संघर्ष हो भन्न सकिन्छ। Younger का शब्दमा "युरोपका धार्मिक युद्धहरूजस्तो भारतमा कहिल्यै भएन किनभने यहाँ राज्यहरू कुनै एक धर्म वा विचारधारामा आधारित हुन्थेनन। राज्यको उद्देश्य शक्तिको सन्तुलन र स्थायित्व कायम राख्नु थियो। बाह्य र आन्तरिक दुबै चुनौतीहरूबाट सुरक्षा प्रदान गर्नुथियो (2020)"। त्यसैले हिन्दु धर्ममा युद्ध धर्मको रक्षाका लागि हुन्छ ।यो धर्मको प्रचार वा अन्य धर्महरूप्रति बैमनस्यका लागि भएको पाइँदैन।

## ४.२. अन्तर्राष्ट्रिय मानवीय कानुनको संहिता र हिन्दु धर्म परम्परा (Code of International Humanitarian Law and Hindu Religious Tradition)

प्राचीन हिन्दु साहित्यहरू युद्धकथा, युद्धरणनीति र युद्धकलासम्बन्धी थुप्रै विवरणहरूले भरिएका छन्। हिन्दु परम्परामा विवाद अर्थात् द्वन्द्व समाधानका चार प्रमुख उपाय साम (सम्झौता वा मेलमिलाप), दाम (उपहारद्वारा प्रसन्न पार्ने), भेद (विभाजन वा गोप्य चेतावनी) र दण्ड (बल प्रयोग) छन्। हिन्दु धर्मअनुसार यी चारमध्ये अन्तिम उपायको रूपमा मात्र बल प्रयोग (दण्ड) गरिन्छ (Grady, 1869,

p.137)। मनुस्मृतिका अनुसार कुनै पनि राजा युद्धमा उत्रिनुअघि पहिला तीन उपायहरू प्रयोग गरेर विवाद समाधानको प्रयास गर्नुपर्छ भनी उल्लेख छ। त्यस्तै, कौटिल्यले पनि युद्धअघि "मन्त्रयुद्ध" अर्थात् बुद्धिको युद्ध गर्ने सल्लाह दिन्छन् तर प्राचीन भारतका महत्त्वाकांक्षी र आत्मकेन्द्रित क्षत्रीय राजाहरूको अन्तिम लक्ष्य "चक्रवर्ती महाराज" (सम्पूर्ण पृथ्वीका सम्राट) बन्ने थियो । दिग्विजय अर्थात् चारैतिर विजय प्राप्त गर्न महत्त्वाकांक्षाका कारण उनीहरूले हिन्दु परम्परामा उल्लेख भएअनुसारका युद्धनीतिको प्रयोग कम गरेको पाइन्छ (Subedi, 2007)। प्राचीन समयमा आर्यहरू धार्मिक उत्साहयुक्त, ऊर्जावान् र युद्धकलाप्रेमी जाति थिए (Sastry, 1966, p.507) ।त्यसैले उनीहरू आफ्नो साम्राज्य विस्तार गर्न उत्साहित हुन्थे। युद्धमा संलग्न जोकोहीले पनि नैतिक र धार्मिक नियमहरू (युद्धधर्म) पालना गर्नुपर्ने अनिवार्यता थियो। युद्धनीतिका नियमहरू उल्लङ्घन गरेर विजय हासिल गर्ने राजालाई सदाचारी र विजयी राजाहरूको श्रेणीमा स्थान दिइँदैनथ्यो। हिन्दु धर्मअनुसार चक्रवर्ती बन्ने उद्देश्यले प्रयोग गरिएको बल निश्चित सीमासम्म भने उचित ठानिन्थ्यो। यदि विपक्षी राजाहरूले सम्राटलाई सर्वोच्च स्वीकृति दिए भने युद्ध अन्त्य गर्नुपर्ने नियम थियो। विजय राज्यहरूलाई आन्तरिक शासनमा स्वतन्त्रता दिइन्थ्यो । तिनीहरूलाई सम्राटको सुरक्षाको दायित्व पनि दिइन्थ्यो (Subedi, 2021)। प्राचीन हिन्दु धर्ममा युद्धका नीतिहरू आधुनिक मानव अधिकारका दृष्टिकोणबाट पनि स्वीकार्य छन्। जसको चर्चा तलका उपशीर्षकमा गरिएको छः

### ४.३. युद्धका नियमहरू (Rules on the War)

हिन्दु धर्ममा उल्लिखित युद्ध मैदानका नियमहरू र आधुनिक अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनी सिद्धान्तहरूबीच समानता देखिन्छ। हिन्दु धर्मयुद्ध नीतिले निष्पक्ष लडाइँ, कम शारीरिक पीडा दिने हतियारको प्रयोग र शत्रु राज्यका नागरिक र सम्पत्तिको संरक्षणजस्ता पक्षलाई नियमन गरेको पाइन्छ। *महाभारत*मा युद्धका स्वीकार्य र अस्वीकार्य दुवै तरिका उल्लेख गरेको पाइन्छ। *महाभारत* (विशेष गरी शान्ति पर्व), *रामायण*को युद्धकाण्ड, अग्नि *पुराण, मनुस्मृति* र *कौटिल्यको अर्थशास्त्र* जस्ता हिन्दु धर्मका प्रमुख ग्रन्थहरूमा युद्धका नियमहरू उल्लेख छन्। *मनुस्मृति* अध्याय ७ मा उल्लेख भएका युद्धसम्बन्धी नीतिहरू

*समोत्तमाधमै राजा त्वाहूतः पालयन् प्रजाः। न निवर्तेत संग्रामात् क्षात्रं धर्ममनुस्मरन् ॥४॥*

*आहवेषु मिथोऽन्योन्यं जिघांसन्तो महीक्षितः। युध्यमानाः परं शक्त्या स्वर्गं यान्त्यपराङ्मुखाः ॥५॥*

*न च हन्यात्स्थलारूढं न क्लीवं न कृताञ्जलिम्। न मुक्तकेशं नासीनं न तवास्मीति वादिनम् ॥६॥*

*न सुप्तं न विसन्नाहं न नग्नं न निरायुधम् ।नायुध्यमानं पश्यन्तं न परेण समागतम् ॥७॥*

*नायुधव्यसनं प्राप्तं नार्त्तं नातिपरिक्षतम् ।न भीतं न परावृत्तं सतां धर्ममनुस्मरन् ॥८॥*

*यस्तु भीतः परावृत्तः संङ्ग्रामे हन्यते परैः। भर्त्तुर्यद्दुष्कृतं किञ्चित्तत्सर्वं प्रतिपद्यते ॥ ९ ॥*

*यच्चास्य सुकृतं किञ्चिदमुत्रार्थमुपार्जितम्। भवता तत्सर्वमादत्ते परावृत्तहतस्य तु ॥ १० ॥*

*रथाश्वं हस्तिनं छत्रं धनं धान्यं पशून्स्त्रियः। सर्वद्रव्याणि कुप्यं च यो यज्जयति तस्य तत् ॥ ११ ॥*

*राज्ञश्च दद्युरुद्धारमित्येषा वैदिकी श्रुतिः। राज्ञा च सर्वयोधेभ्यो दातव्यमपृथग्जितम् ॥ १२ ॥*

मनुस्मृति (अध्याय ७ः श्लोक ८०—८२, ८७, ८९, ९१—९७) ॥

Sastry (1966) का अनुसार, हिन्दु युद्धधर्मका सबैभन्दा प्रचलित नियमहरू (Subedi, 2021) यसप्रकार छन्ः

क. कवच (अस्त्रसज्जा) लगाएको योद्धाले निहत्था वा कवचविहीन योद्धासँग लड्नु हुँदैन।

ख. युद्ध एकएक पक्षबीच (एकल द्वन्द्व) हुनुपर्छ र विपक्षी घाइते वा असक्षम भएपछि युद्ध रोक्नुपर्छ।

ग. योद्धाहरूले आफ्ना बराबरीका प्रतिद्वन्द्वीहरूसँग मात्र लड्नुपर्छ, जस्तैः अश्वारोही सैनिकले रथमा बसेका योद्धामाथि आक्रमण गर्न हुँदैन। विषयुक्त (Barbed) बाणहरूको प्रयोग गर्नुहुँदैन।

घ. कमजोर, घाइते व्यक्ति वा सन्तानरहित मानिसलाई मार्नु पाप हुन्छ।

ङ. जसको हातियार भाँचिएको छ, धनुषको डोरी काटिएको छ वा रथ गुमाएको छ, उसमाथि प्रहार गर्न निषेध छ।

च. आत्मसमर्पण गरेका व्यक्तिलाई मार्न हुँदैन। उसलाई युद्धकैदीको रूपमा नियन्त्रणमा लिन सकिन्छ।

छ. राजाले केवल अर्को राजासँग मात्र युद्ध गर्नुपर्छ।

ज. वृद्ध पुरूष, महिला, बालबालिका र आत्मसमर्पण गरेका व्यक्तिहरूलाई मार्नु हुँदैन।

झ. आतङ्कित भएका वा भागेका शत्रुहरूलाई पछ्याएर आक्रमण गर्न हुँदैन।

ञ. सुतिरहेको, तिर्खाएको, बाटोमा हिंडिरहेको शान्त नागरिक, मानसिक स्वास्थ्यमा समस्या भएको, भोजन गरिरहेको व्यक्ति, शिविरमा काम गर्ने व्यक्ति, युद्धसंगीत बजाउने वा द्वारपालहरू यीमध्ये कसैलाई पनि मार्नु हुँदैन।

ट. सर्वसाधारण वा युद्धमा भाग नलिएका नागरिकहरूसँग लड्नु हुँदैन। डरले लुकेका व्यक्तिहरूमाथि पनि प्रहार गर्न निषेध छ।

ठ. बगैंचा, मन्दिर र अन्य धार्मिक स्थानहरूलाई युद्धबाट अछुतो राख्नुपर्छ।

ड. युद्धकैदीहरूलाई मानवीय व्यवहार गर्नुपर्छ।

ढ. घाइते युद्धकैदीहरूलाई उपचार गरेर घर पठाउन वा उनीहरूको हेरचाह गर्नुपर्छ।

ण. यदि किल्ला (Fort) अन्य माध्यमबाट जित्न सकिन्छ भने त्यसमा आगो लगाएर ध्वस्त गर्नुहुँदैन किनभने आगोले अन्धाधुन्ध विनाश गर्छ।

त. रातको समयमा युद्ध गर्नुहुदैन।

थ. धर्मअनुसार युद्ध गर्नका लागि स्थान र समय पहिले नै तोकिएको हुनुपर्छ।

यी सबै नियमहरू हिन्दु युद्धसंहिता (Hindu Laws of War) का धार्मिक, नैतिक र मानवीय आधारहरू हुन् ।यिनीहरूले युद्धलाई यथासम्भव मर्यादित, निष्पक्ष र मानवता उन्मुख बनाउने उद्देश्य राखेका छन्। १९ औं शताब्दीदेखि सुरू भएको आधुनिक अन्तर्राष्ट्रिय मानवीय कानुनको संहितामा प्राचीन सभ्यता र धार्मिक मान्यताको प्रभाव पाइन्छ।यी प्राचीन धार्मिक र सांस्कृतिक मान्यताहरू हालका अन्तर्राष्ट्रिय मानवीय कानुनका स्रोतहरू रहेको तथ्य उजागर हुन्छ तथापि यसको मुख्य हिस्सा सन् १९४९ को जेनेभा महासन्धिहरू हुन् जसलाई, संसारका अधिकांश राष्ट्रहरूले मान्यता दिएका छन्।जेनेभा महासन्धिका चार प्रमुख सन्धिहरू निम्नबमोजिम छन्:

क. युद्ध मैदानमा घाइते वा बिरामी भएका सैन्य बलहरूको अवस्थाको सुधार गर्ने सम्बन्धी (प्रथम जेनेभा महासन्धि)।

ख. समुद्रमा घाइते वा ध्वस्त जहाजमा परेका सैन्य बलहरूको अवस्थाको सुधार गर्ने सम्बन्धी (दोस्रो जेनेभा महासन्धि)।

ग. युद्धबन्दीसँग गरिने व्यवहारको सम्बन्धमा (तेस्रो जेनेभा महासन्धि)।

घ. युद्धको समयमा गैरसैनिक नागरिकहरूको संरक्षणसम्बन्धी (चौथो जेनेभा महासन्धि)।[2]

यसका अतिरिक्त सन् १९७७ मा दुई वटा अतिरिक्त सन्धिपत्रहरू "अन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्षमा लागू हुने पहिलो अतिरिक्त सन्धिपत्र" र 'गैर अन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्षमा लागू हुने दोस्रो अतिरिक्त सन्धिपत्र' पनि अन्तर्राष्ट्रिय मानवीय कानुनका स्रोत मानिन्छन् ।

प्रथम जेनेभा महासन्धिले सशस्त्र बलका घाइते र बिरामी सदस्यहरूको सम्मान र संरक्षण सुनिश्चित गर्ने व्यवस्था गरेको छ।यस महासन्धिमा युद्धमा संलग्न पक्षहरूले घाइते र बिरामीहरूको खोजी गर्ने, तिनीहरूलाई लुटपाट र दुर्व्यवहारबाट बचाउने र उचित संरक्षण गर्नुपर्छ भनी उल्लेख छ।यस महासन्धिले युद्धरत पक्षलाई कुनै पनि आधारमा भेदभाव नगरी सबै घाइते वा बिरामीलाई मानवोचित तरिकाले हेरचाह गर्ने दायित्वबोध गराएको छ।सशस्त्र सङघर्षका समयमा हतियार बिसाएका, बिरामी, घाउचोट, थुना वा अन्य यस्तै कारणले लड्न असक्षम सैन्य दस्ताका सदस्य लगायत युद्धमा सक्रिय भाग नलिएका व्यक्तिहरूलाई जात, धर्म, लिङ्ग, वर्ण, जन्म, सम्पत्ति वा अन्य यस्तै आधारमा विभेद

[2] See four Geneva Conventions of 12 August 1949 published by International Committee of the Red Cross.

नगरी मानवीयताका आधारमा व्यवहार गरिने व्यवस्था गरिएको छ।[3] दोस्रो जेनेभा महासन्धि समुद्रमा ध्वस्त जहाजमा परेका सैन्य बलका सदस्यहरूको अवस्थाको सुधारका बारेमा छ। यसअनुसार कुनै पनि सैनिकलाई लिङ्ग, जात, राष्ट्रियता, धर्म वा राजनीतिक विचारका आधारमा भेदभाव नगरी सम्मान र संरक्षण गरिनुपर्छ भन्ने उल्लेख छ। यस महासन्धिमा युद्धको समयमा घाइते र बिरामीहरूको उपचार, खोजी, ओसारपसार र चिकित्सा सेवा प्रदान गर्ने र सबै चिकित्सक र सहयोगी कर्मचारीलाई सम्मान र संरक्षण गर्नुपर्छ भन्ने उल्लेख गरिएको छ।[4] समग्रमा, यी महासन्धिहरू युद्धका समयमा मानवीय संवेदनशीलतालाई कायम राख्न, सैनिक र नागरिकहरूलाई समान रूपले संरक्षण दिनेबारे उल्लेख गरेका छन्। यसरी हिन्दु धर्मपरम्पराका युद्धनियमहरू र आधुनिक अन्तर्राष्ट्रिय मानवीय कानुनी सिद्धान्तहरूबीच गहिरो सम्बन्ध रहेको देखिन्छ।

हिन्दु धर्मका युद्धनियमहरू विशेषगरी *महाभारत* र *रामायण*का युद्धकाण्डमा, शत्रुहरूप्रति करूणा र मानवता कायम राख्ने लक्ष्य राखिएको पाइन्छ। यी नियमहरूले युद्धमा शारीरिक हिंसा र पीडालाई यथासम्भव नियन्त्रण गर्न र निर्दोष नागरिकहरूको सुरक्षा दिनुपर्छ भनी उल्लेख गरिएको छ। युद्धमा निहत्था व्यक्तिहरूलाई मार्नु पाप ठानिन्थ्यो। शरणागत व्यक्तिहरूलाई जीवनदान दिइन्थ्यो। यसैगरी, शत्रुतर्फको घाइतेलाई उपचार गर्नुपर्ने । युद्धमा मात्र शास्त्रयुक्त हतियारको प्रयोग गर्ने जस्ता नियमहरू उल्लेख भएको पाइन्छ। यसैगरी, आधुनिक अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी सन् १९४९ को जेनेभा महासन्धिमा युद्धका नैतिक पक्ष र मानवीयताको रक्षा सम्बन्धी विभिन्न धाराहरू उल्लेख छन्। जेनेभा महासन्धि र यसका अतिरिक्त सन्धिपत्रहरूले युद्धका समयमा घाइते र युद्धबन्दीहरूको सम्मान र रक्षा गर्न निर्देशन छ। युद्धमा संलग्न पक्षलाई भेदभाव नगरी समान अधिकार र सम्मान दिने व्यवस्था छ। जेनेभा महासन्धिका युद्धबन्दीसँग गरिने व्यवहार र गैरसैनिक नागरिकहरूको संरक्षणसम्बन्धी नियम हिन्दु धर्मका युद्धनियमहरूसँग मेल खान्छन्।

यसरी हिन्दु परम्परा र जेनेभा महासन्धि दुबैमा युद्धका समयमा शारीरिक र मानसिक हिंसा, क्रूरता र अपमानको निषेध छ। हिन्दु धर्मका युद्धनियमहरूले शरणार्थी र घायल व्यक्तिहरूको सुरक्षा सुनिश्चित गर्न र धार्मिक र सांस्कृतिक स्थानहरूको संरक्षण गर्नका लागि विशेष नियमहरू उल्लेख गरिएका छन् जुन, आजको अन्तर्राष्ट्रिय कानुनी मान्यतासँग मेल खान्छ। प्राचीनकालीन हिन्दु धर्मका युद्धनियमहरू र आधुनिक अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनी सिद्धान्तहरूबीच समानता र अन्तरसम्बन्धित देखिनु संयोगमात्र होइन। आजको आधुनिक विश्वमा विश्वशान्ति र बन्धुत्वका

[3] See The First Geneva Convention-*The Geneva Convention for the Amelioration of the Condition of the Wounded and Sick in Armed Forces in the Field* of August 12, 1949, articles 12, 15 and 16. Published by International Committee of the Red Cross.

[4] See The Second Geneva Convention- The Geneva Convention for the Amelioration of the Condition of Wounded, Sick and Shipwrecked Members of Armed Forces at Sea of August 12, 1949. Article 63

लागि तयार गरिएका अन्तर्राष्ट्रिय नीतिनियम हजारौं वर्षपहिले हिन्दु परम्पराका समयसापेक्ष निरन्तरता हुन् भनी सहजै अनुमान गर्न सकिन्छ।

### ४.४. हिन्दु र बौद्ध धर्ममा धार्मिक स्वतन्त्रता (Religious Freedom in Hindu and Buddhism)

हिन्दु धर्म धार्मिक स्वतन्त्रताको पक्षमा देखिन्छ। विश्वकै सबैभन्दा पुरानो धर्म भएपनि यसले प्राचीनकालका अन्य धर्महरूसँग प्रतिस्पर्धा गर्न वा तिनीहरूको अवमूल्यन गरेको कतै पाइँदैन। हिन्दु धर्ममा क्रिश्चियन धर्ममा जस्तै "Crusade" वा "Bellum Justissimum" र इस्लामको जस्तै "Jihad" (Eyffinger, 1996) जस्ता युद्धका अवधारणाहरू छैनन्। हिन्दु र बौद्ध धर्म परम्परामा संसारमा धार्मिक युद्ध कहिल्यै भएको पाइदैन। अन्य धर्ममा विश्वास गर्ने वा विश्वासीहरूलाई कहिल्यै क्रूसमा चढाइएको छैन यद्यपि विचार र विवेकका माध्यमबाट हिन्दु ऋषिहरू र बौद्ध भिक्षुहरू (बोधिसत्वहरू)ले आफ्नो दर्शन र आस्थाको रक्षा गर्नका लागि बौद्धिक युद्ध भने गरेको पाइन्छ (Subedi, 2021)। *रामायण* र *महाभारत*मा वर्णित युद्धहरू शुद्ध धार्मिक नभई राजवंशीय पारिवारिक विवादहरू जस्तैः जग्गा, सम्पत्ति, शक्ति र महिलाका कारणबाट उत्पन्न भएका थिए । यसबाट प्रस्ट हुन्छ प्राचीन हिन्दु कानुनहरू धर्मनिरपेक्ष थिए। समान अपराध गर्ने स्वदेशी र विदेशी नागरिकलाई समान दण्ड सजायको व्यवस्था थियो। राज्यमा बसोबास गर्ने विदेशीको अधिकारलाई पनि मान्यता दिइएको थियो साथै इस्लामको "जिहाद" र इसाईको "क्रुसेड्स" जस्तै हिन्दुको "धर्मयुद्ध" विदेशी र गैर-अनुयायीहरूको विरूद्धको धार्मिक युद्ध थिएन (Singh & Singh, 2009, p.267)। फरक धर्म र फरक राष्ट्रियताका आधारमा नागरिकलाई विभेद हुदैन थियो। यस अर्थमा हिन्दु धर्म धार्मिक स्वतन्त्रताको पक्षमा थियो भन्न सकिन्छ।

वेदहरूमा सबैलाई हिन्दु धर्म अपनाउनुपर्ने आदेश छैन। विगतमा भारत र नेपालका आदिवासीहरूलाई हिन्दु धर्ममा ल्याउने प्रयास शासकहरूले आफ्नो अधिकार जमाउने माध्यमका रूपमा गरेका थिए । त्यो धार्मिक आदेश नभई राज्यनीति थियो। सामान्यतया, हिन्दु र बौद्ध दर्शनहरू व्यक्तिको धार्मिक स्वतन्त्रता र आस्था स्वतन्त्र छनौटमा आधारित छन्। यी दुवै प्रणालीको केन्द्रमा रहेको विचार सनातन धर्म हो, जसअनुसार प्रत्येक व्यक्ति बाह्य हस्तक्षेपमा आफ्नो विश्वास र आस्था स्वतन्त्र रूपमा प्रकट गर्न स्वतन्त्र हुन्छ। कुनै पनि व्यक्तिलाई बलपूर्वक धर्म परिवर्तन गर्न नदिने कुरा पनि यसैमा आधारित छ (Subedi, 2021)।

सनातन धर्मको आधारभूत दर्शन *"सर्व धर्म समभाव"* हो। जसको अर्थ-*सबै धर्महरूप्रति समान सम्मान* हो। त्यसैले, धर्मनिरपेक्षता (Secularism) हिन्दु र बौद्ध दुवै दर्शनभित्र पहिले नै समाहित थियो। धर्मनिरपेक्षताको मूल अर्थ नै धार्मिक स्वतन्त्रता हो। हिन्दु धर्मले सबै धर्मलाई उत्तिकै सम्मान

गर्दछ। यस धर्मको सार्वभौमिकता र उदारता आधारभूत विशेषता हुन्। हिन्दु धर्मले अरू कुनै धर्मको निन्दा गर्दैन। सत्य जुनसुकै ठाउँबाट आओस् वा जुनसुकै रूपमा प्रस्तुत होस् हिन्दु धर्मले सत्यलाई स्वीकार र सम्मान गर्दछ (Sivananda,1993, p.2)। हिन्दु धर्मको धार्मिक स्वतन्त्रताको मौलिक विशेषता संयुक्त राष्ट्रसंघको "मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights)" सन् १९४८ मा जारी हुनुभन्दा हजारौं वर्षअघि नै हिन्दु र बौद्ध धर्ममा स्वीकारिएको थियो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा १८ मा उल्लेख गरेको धार्मिक स्वतन्त्रता सनातन हिन्दु परम्परा पौराणिककालमै उल्लेख थियो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा १८ मा धार्मिक स्वतन्त्रताका बारेमा यसरी लेखिएको छ :

प्रत्येक व्यक्तिलाई विचार, विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार हुनेछ। यस अधिकारमा आफूले रोजेको धर्म वा आस्था परिवर्तन गर्ने स्वतन्त्रता र व्यक्तिगत रूपमा वा अरूसँग मिलेर तथा सार्वजनिक वा निजी रूपमा पूजाआजा, नियम, अभ्यास तथा शिक्षणमा आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रतासमेत समावेश हुनेछ (United Nations, 2010, p.18)।

उल्लिखित धारामा लेखिएको धार्मिक स्वतन्त्रताको मुद्धा हिन्दु-बौद्ध दर्शनले “बाँच र अरूलाई पनि बाँच्न देऊ” (*जीव आणि अन्येभ्यं जीवितुम्* ) भन्ने शिक्षामा आधारित छ जुन, पौरस्त्यदर्शनको दीर्घकालीन मन्त्र हो। भारत र चीनले सन् १९५४ मा प्रस्ताव गरेका पञ्चशीलका सिद्धान्तहरू पनि अचानक बनेका होइनन्। शान्तिपूर्ण सहअस्तित्व र सहिष्णुता हिन्दु र बौद्ध दुवैको शताब्दीयौं पुरानो परम्पराका उपज हुन्। यस कारणले धर्मनिरपेक्षता हिन्दु समाजमा वर्षौंअघि नै अभ्यासमा थियो भन्न सकिन्छ (Subedi, 2024)।

## ४.५. हिन्दु र बौद्ध धर्ममा व्यक्तिगत स्वतन्त्रता (Personal Freedom in Hinduism and Buddhism)

हिन्दु र बौद्ध धर्म परम्परा व्यक्तिगत स्वतन्त्रताका अधिक पक्षमा देखिन्छन्। दार्शनिक Radhakrishnan (2012) का अनुसार, मानव व्यक्तिको स्वतन्त्रता हिन्दु र बौद्ध चिन्तनमा मौलिक रूपमा स्थापित छन् यद्यपि यस्ता स्वतन्त्रता कर्मका सीमाहरूसँग पनि सम्बन्धित देखिन्छन् (p. 105)। त्यसैगरी Alexandrowicz (1965) का अनुसार धर्मको अवधारणा मानिसलाई स्वतन्त्र र अनुशासित बनाउने आवश्यकताको संयोजन हो। स्वतन्त्रता अराजक नभई संयमित हुनुपर्छ। हिन्दु विश्वासअनुसार प्रत्येक व्यक्ति ब्रह्म (परमात्मा) हो र प्रत्येक ब्रह्म स्वतन्त्र आत्मा हो। त्यसैले राज्यको कानुन आत्मिक स्वतन्त्रताको भन्दा गौण हुन्छ। प्रत्येक व्यक्तिलाई आफ्नै सुख र आत्मसन्तुष्टि प्राप्त गर्ने बाटो रोज्ने स्वतन्त्रता छ। हिन्दु धर्मको दार्शनिक मान्यताअनुरूप मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा ३ मा पनि "प्रत्येक व्यक्तिलाई जीवन र स्वतन्त्रताको अधिकार

हुनेछ (United Nations, 2010, p. 3)" भनी उल्लेख गरिएको छ। यसरी आधुनिक व्यक्ति स्वतन्त्रताका लागि तयार गरिएका मानव अधिकार सम्बन्धिका नीति नियममा पौरस्त्य धर्म दर्शनको प्रभाव रहेको पाइन्छ।

पौरस्त्य धर्मदर्शनमा जीवनको परम् लक्ष्य वर्तमान जीवनमै निर्वाण प्राप्त गर्नु र मृत्युपछि मोक्ष पाउनु रहेको छ। त्यसैले जीवनका सबै कर्महरू आध्यात्मिक लक्ष्यतर्फ केन्द्रित हुनुपर्छ भनिएको छ। यस दृष्टिले प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तिगत स्वतन्त्रता प्राप्त गर्ने अधिकार थियो, जुन आत्मसाक्षात्कार र मोक्षको माध्यम बन्न सक्थ्यो। त्यसैले हिन्दु वा बौद्ध नागरिकसँग धेरै राजनीतिक अधिकार नहुन सक्थ्यो तर ऊसँग व्यक्तिगत स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, सामाजिक र सांस्कृतिक अधिकारहरू सुरक्षित हुने गर्थे। यसै सन्दर्भसँग मेल खाने गरी UDHR को धारा २ मा "जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा कुनै किसिमको भेदभावविना सबै व्यक्तिहरू अधिकार र स्वतन्त्रताका हकदार छन् (United Nations, 2010, p. 3)" भनी उल्लेख गरिएको छ।

हिन्दु र बौद्ध दुवै आध्यात्मिक परम्पराका अनुयायी हुन्, जसले आफूले चाहेको दर्शन, सम्प्रदाय वा मार्ग छान्ने स्वतन्त्रताको वकालत गर्छन्। Weeramantry (1998) का शब्दमा, "पौरस्त्य सभ्यतामा व्यक्ति आफ्नै भाग्यको निर्माता हो, उसले न त अरूलाई बाध्य पार्छ न आफू बाध्य हुन्छ (पृ.२३)"। हिन्दु र बौद्ध धर्ममा स्वतन्त्रता र व्यक्तिगत अधिकारहरू बाध्यतामा नभई बोध र विवेकमा आधारित हुन्छन् । त्यसैगरी राज्यहरूले दासत्व (slavery) समाप्त गर्नुभन्दा धेरै अघि नै बौद्ध धर्मले दास व्यापारलाई निषेध गरेको थियो। यसैको निरन्तरता स्वरूप मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ४ मा "कसैलाई पनि बाँध्न, दास बनाउनु वा कुनै किसिमको दासत्व र दास व्यापार निषेध गरिने छ (United Nations 2010, p.4)" भनी उल्लेख गरिएको छ। यसरी हिन्दु र बौद्ध दुवै धर्ममा जुनसुकै धर्म, लिङ्ग वा विचारधारासँग सम्बन्धित व्यक्तिको व्यक्तिगत आत्मा (Self) को स्वतन्त्रता र गरिमालाई सर्वोच्च स्थान दिइएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) का धारा १८ र १९ ले "प्रत्येक व्यक्तिलाई विचार र धर्मको स्वतन्त्रताको अधिकार हुनेछ" र "प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ" (United Nations 2010, p. 22) भनी उल्लेख गरेका छन्। यी नियमहरूले हिन्दु र बौद्ध परम्पराका समान अवधारणाहरूलाई समेत जोड दिन्छन्।

हिन्दु र बौद्ध धर्मले मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) मा व्यक्तिको स्वतन्त्रताको बारेमा गहिरो प्रभाव पारेको देखिन्छ। दुवै धर्ममा व्यक्तिगत स्वतन्त्रता र आत्माको गरिमा उच्च मानिन्छ। हिन्दु धर्ममा, प्रत्येक व्यक्ति ब्रह्मको अंश हो र स्वतन्त्र आत्मा हो, जसले जीवनमा

आत्मसाक्षात्कार र मोक्ष प्राप्त गर्ने स्वतन्त्रता सुनिश्चित गर्दछ। बौद्ध धर्ममा दासत्व र दास व्यापार निषेध गरिएको छ र व्यक्तिको स्वतन्त्रता र गरिमालाई महत्त्व दिइएको छ। UDHR का विभिन्न धाराहरूमा विचार र धर्मको स्वतन्त्रता, र अभिव्यक्ति स्वतन्त्रताको अधिकारको संरक्षण गरिएको छ, जुन हिन्दु र बौद्ध परम्परामा व्यक्तिको स्वाधीनता र सम्मानताको समान अवधारणासँग मेल खान्छ। यसले केवल मानिसहरूको अस्तित्व होइन, सम्पूर्ण जीवजगतको सम्मान र सुरक्षाको शिक्षा दिन्छ। यसरी यी धर्महरूले व्यक्तिको स्वतन्त्रता र अधिकारलाई वैश्विक मान्यता र मानव अधिकार सिद्धान्तसँग जोडिएको पाइन्छ। यही सन्दर्भमा Rai (1995) ले हिन्दु-बौद्ध धर्म र मानव अधिकारको सम्बन्ध अत्यन्त गहिरो रहेको उल्लेख गरेका छन्। उनका अनुसार मानव अधिकारले व्यक्ति र समाजलाई सकारात्मक र उन्नत दिशामा मार्गदर्शन गर्न मद्दत गर्दछ। धर्मको मार्गमा आधारित अधिकारहरूको पालनले जीवनको सुधार, समाजको समग्र उन्नति र मोक्ष प्राप्ति सम्भव बनाउँछ। यसले सामाजिक सद्भाव र शान्तिको सिर्जना गर्न योगदान पुऱ्याउँछ, जुन हिन्दु-बौद्ध धर्मका मूल उद्देश्यहरूसँग मेल खान्छ।

### ४.६. बौद्ध- हिन्दु शान्ति दर्शन र पञ्चशीलका सिद्धान्त (Peace in Buddhism and Hinduism and Panchsheel Principle)

बौद्ध धर्मको शिक्षाको मूल केन्द्र अहिंसा (Non-violence) हो। यही सिद्धान्त हिन्दु धर्मभित्रका उपनिषद्, वैष्णव र शैव सम्प्रदायहरूमा पनि समान रूपमा प्रतिध्वनित हुन्छ। बुद्धले हिंसालाई पूर्णरूपमा अस्वीकार गरेका छन्। भगवान् कृष्णले पनि गीतामा हिंसालाई केवल रक्षात्मक प्रयोजनका लागि अर्थात् धर्मको रक्षा वा अन्यायको प्रतिकार गर्न आवश्यक परेमात्र प्रयोग गर्ने भनी उल्लेख गरेका छन्। आक्रामक हिंसालाई हिन्दु राजनीतिक दर्शनले पनि अस्वीकार गरेको छ। अहिंसा मानव जीवनको सुरक्षाका लागि सबैभन्दा पहिलो र प्रमुख सिद्धान्त हो (Subedi, 2021)। जुन सम्भवतः मानव अधिकारहरूको पहिलो र आधारभूत अधिकार हो। बौद्ध धर्म सुरूदेखि नै मानव अधिकारको पक्षमा उभियो किनभने हिंसात्मक समाजमा कुनै पनि मानव अधिकारको प्रभावकारी अभ्यास सम्भव हुँदैन। त्यसैले अहिंसा नै मानव अधिकारहरूको मूल आधार हो । यो हिन्दु र बौद्ध दुवै धर्महरूको केन्द्रीय स्तम्भ पनि हो। अहिंसाको सिद्धान्तलाई पछि प्राणीहत्या रोक्नका लागि पनि विस्तार गरिएको थियो। विशेषतः खाना (मासु)का लागि जनावर मार्नु हुँदैन भनेर Weeramantry (2007) ले भनेका छन्, "बौद्ध धर्मले जीवन प्रत्येक प्राणीका लागि प्रिय हुन्छ भनी सिकाउछ (धम्मपद १०:२) त्यसैले सर्वाधिक तुच्छ प्राणीको जीवन पनि हरण गर्नु पाप हो किनकि प्रत्येक जीव आफ्नो आत्मउन्नतिको बाटोमा अघि बढिरहेको हुन्छ (p.4-5)"। त्यसैले बौद्ध धर्मदर्शनको मानव अधिकारसँग अत्यन्त नजिकको सम्बन्ध छ। बौद्ध धर्मले सार्वभौम मानव

अधिकारको अवधारणामा विश्वास गर्दछ र मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UNDHR) का धेरै धाराहरू यस धर्मको आस्थासँग सम्बन्धित छन्। आधुनिक युगमा स्थापित मानव अधिकारको अबधारणा बौद्ध धर्मको नैतिकतासँग मेल खान्छन्। मानव अधिकारको अवधारणामा समाविष्ट केही मूल्यहरू बुद्धले दिएका अष्टाङ्ग मार्ग (Noble Eight fold Path) को अवधारणासँग मेल खान्छन्। मानव अधिकारको अवधारणा मानव स्वभावको विस्तार हो। बौद्ध धर्म साँच्चिकै मानव अधिकार सुरक्षा र व्यक्ति स्वतन्त्रता र सबै कानूनी प्रणालीहरूको सर्वोच्च कानुन हो (Bagde, 2014, p. 32)।

दोस्रो विश्वयुद्धपछि प्रमुख राष्ट्रहरूबीचको हिंसा रोक्न र तिनीहरूलाई बल प्रयोग गर्न नदिनका लागि संयुक्त राष्ट्रसंघ (UN) को स्थापना गरिएको थियो। यसको उद्देश्य विवादहरूको शान्तिपूर्ण समाधान, आपसी हस्तक्षेपविहीनता र सामूहिक सुरक्षाको प्रवर्धन गर्ने थियो, ताकि भविष्यका पुस्ताहरू युद्धको भयावह विनाशबाट जोगिन सकून्। ठिक त्यस्तै गरी, बौद्ध धर्म पनि *महाभारत* नामक युद्धमा असंख्य मानिसहरूले आफ्नो ज्यान गुमाए पछि उत्पन्न भएको थियो। यस दृष्टिले, बौद्ध धर्म र संयुक्त राष्ट्रसंघका मूल्यहरूको निर्माण प्रकियामा मेल देखिन्छ।

गीताका अनुसार कृष्णले युद्ध रोक्नका लागि वार्ता र सन्धिका माध्यमबाट शान्ति कायम गर्ने भरपुर प्रयास गरे तापनि, युवराज दुर्योधनको कठोर अडानका कारण युद्ध रोक्न सकिएन। अन्ततः सबै उपाय असफल भएपछि कृष्णले न्यायसङ्गत ठानेर पाण्डवहरूको पक्ष लिए । युद्ध प्रारम्भ भएपछि उनले अर्जुनलाई "धर्मयुद्ध" र न्यायपूर्ण युद्ध" लड्न प्रेरित गरे। अर्जुनलाई मनाउने क्रममा कृष्णले *भगवद्गीता*का रूपमा "दैवी शिक्षाहरू" प्रदान गरे तर कहालीलाग्दो क्षतिका कारण युद्धपछि धेरै मानिसहरूले कृष्णप्रतिको विश्वास गुमाए। त्यसपछि बौद्ध धर्मको अहिंसाको दर्शनको सुरूवात भयो र बौद्ध धर्म उदायो। जसले हिन्दु धर्मका धेरै प्रचलित मान्यताहरूलाई चुनौती दियो । बौद्ध धर्मले पशुबलि र मूर्तिपूजाजस्ता कर्मकाण्डहरूलाई अस्वीकार गऱ्यो। उपनिषद्हरूले पनि पशुबलि र मूर्तिपूजाजस्ता परम्परागत धार्मिक अभ्यासहरूको विरोधमा बलियो भूमिका खेल्यो यद्यपि केही अन्य हिन्दु ग्रन्थहरूले यी प्रथाहरूलाई समर्थन गरे (Radhakrishnan, 2012, p.140)।

बौद्ध धर्म महाभारत युद्धपछिको विक्षिप्त मानवतालाई मलम लगाउने दार्शनिक मार्ग बनेर उदायो। यसले अहिंसा, शान्ति, सौहार्द, सहिष्णुता र सहअस्तित्वका सिद्धान्तहरूलाई प्रोत्साहित गऱ्यो साथै योग, ध्यान र अन्य साधनमार्फत व्यक्तिगत पीडा र दुःखबाट मुक्ति पाउने उपायहरू सिकायो। यस दार्शनिक भावनाले वर्तमान युगको भावना सम्बोधन गर्दै अफगानिस्तान र इरानका पूर्वी भागदेखि लिएर चीन, तिब्बत, कोरिया, भियतनाम, जापानसम्म र दक्षिणमा श्रीलंका हुँदै थाइल्याण्ड, बर्मा, लाओस, क्याम्बोडिया र इन्डोनेसियासम्म विस्तार भयो (Subedi, 2021)। यही बुद्धको शान्तिदर्शनबाट प्रेरित भएर सन् १९५४ मा भारत र चीनले आफ्नो-आफ्नो राष्ट्रिय हितहरूलाई अघि

बढाउनका लागि द्विपक्षीय पञ्चशीलको सन्धि गरे (Dasgupta, 2016)। जसले उनीहरूको सम्बन्धलाई पाँच शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तहरू (पञ्चशील) का आधारमा राख्ने सहमति जनाए। पञ्चशीलका पाँच सिद्धान्तहरू यसप्रकार छन्:

- क्षेत्रीय अखण्डता र सार्वभौमसत्ताको सम्मान (Mutual respect for each other's territorial integrity and sovereignty)
- आन्तरिक मामलामा अहस्तक्षेप (Mutual non-interference in each other's internal affairs)
- अनाक्रमण (Mutual non-aggression)
- समानता र पारस्परिक लाभ (Equality and mutual benefit)
- शान्तिपूर्ण सहअस्तित्व (Peaceful co-existence)

पञ्चशील सिद्धान्त संयुक्त राष्ट्रसंघका मौलिक उद्देश्यहरूसँग गहिरो रूपमा मेल खान्छ। यस सिद्धान्तले संसारका सबै धर्मका अनुयायीहरू नैतिकवान भई मिलेर मानव सभ्यताको प्रगति र विश्वशान्तिको मार्ग प्रशस्त गर्न सक्छन् भन्ने पक्षमा विश्वास गर्छ। शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तलाई संयुक्त राष्ट्रसंघको मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) ले समेत आत्मसाथ गर्दै हिन्दु, बौद्ध, इसाई, र गैर-इसाई सभ्यताका मूल्यमान्यताहरूलाई एकसाथ समेटेको छ। यसका साथै यी सिद्धान्तहरूले अहिंसा, करूणा, र शान्तिपूर्ण सहअस्तित्वलाई महत्त्व दिन्छ, जुन साना राष्ट्रहरूको परराष्ट्र मामिलामा सहयोगी हुन्छन्। समकालीन भूराजनीतिमा साना राष्ट्रहरूको स्वायत्तता जोगाउन र कूटनीतिक रणनीतिमा, क्षेत्रीय स्थिरता प्रवर्धनमा, र अन्तर्राष्ट्रिय सहकार्यमा यी सिद्धान्तहरू महत्त्वपूर्ण छन् (Thapa, 2024)। यसरी द्वितीय विश्वयुद्धपछि भारत र चीनले हिन्दु र बौद्ध धर्मदर्शनलाई शान्तिपूर्ण सहअस्तित्वको पञ्चशीलको सिद्धान्तमार्फत अन्तर्राष्ट्रिय कानुनमा प्रभावकारी उपस्थिति देखाए। यसका साथै पौरस्त्य हिन्दु र बौद्ध परम्परामा हुर्किएका यी देशले युरोपेली देशको मानव अधिकारको भाष्यलाई अनुकरण गर्नुको साटो पञ्चशील सम्झौतामार्फत अन्तर्राष्ट्रिय कानुनमा नयाँ सिद्धान्त स्थापनामा सफलता प्राप्त गरे (Singh & Singh, 2009)।

## ५. निष्कर्ष (Conclusion)

यो समीक्षात्मक लेखले पौरस्त्य हिन्दु र बौद्ध धर्मदर्शन मानव अधिकारका आधुनिक अन्तर्राष्ट्रिय घोषणापत्रहरू, सन्धिहरू र प्रोटोकलहरू समाविष्ट भएको पक्षलाई उजागर गरेको छ। मानव अधिकारका सिद्धान्तहरूको विकासमा यी धर्मदर्शनले महत्त्वपूर्ण भूमिका खेलेका छन्। यी धर्महरू प्राचीन समयदेखि नै मानव अधिकारका मूलभूत मान्यताहरूको रक्षा र प्रवर्धनमा केन्द्रित रहेको देखिन्छ। विशेष गरेर अहिंसा, धर्मनिरपेक्षता, व्यक्तिगत स्वतन्त्रता र सार्वभौमिकताजस्ता सिद्धान्तका अवधारणा प्राचीन हिन्दु र बौद्ध धर्ममा नै आधारित छन्। यी सिद्धान्तहरू आजको आधुनिक

अन्तर्राष्ट्रिय कानूनी ढाँचामा विशेष गरी युद्ध र शान्तिको सन्दर्भमा प्रभावकारी देखिन्छन्। हिन्दु धर्मको "धर्मयुद्ध" र बौद्ध धर्मको "अहिंसा"को सिद्धान्तले युद्धमा न्यायपूर्ण आचरणको महत्त्वलाई जोड दिएका छन्, जसको प्रभाव आजको अन्तर्राष्ट्रिय मानवीय कानुनका नियमहरूमा पाइन्छ। यी धर्महरूले युद्धमा नागरिकहरूको सुरक्षा र घाइते व्यक्तिहरूसँग करूणा र मानवताको व्यवहारको आवश्यकताको व्याख्या गरेका छन्। यसप्रकार पौरस्त्य परम्पराहरूले विश्व शान्ति र सहअस्तित्वको प्रवर्द्धनका लागि एक स्थायी आधार प्रदान गरेका छन्, जसका कारण आजका मानव अधिकारका सिद्धान्तहरू अझ न्यायसङ्गत र सार्वभौमिक भएका छन्। आधुनिक मानव अधिकारका सिद्धान्तलाई थप सुधार गर्नका लागि पौरस्त्य धार्मिक परम्पराहरूको गहिरो अध्ययन गर्न आवश्यक छ। युद्ध, शान्ति र नागरिकहरूको अधिकारका सन्दर्भमा यी धार्मिक परम्पराहरूको मान्यतालाई समावेश गर्दा अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुन थप न्यायसङ्गत र मानवीय हुन सक्छन् ।

## सन्दर्भ-सामग्रीहरू

Alexandrowicz, C. H. (1965–66). Kautilyan principles and the law of nations. *British Yearbook of International Law*, 41, 301-320.

Alexandrowicz, C. H. (1968). The Afro-Asian world and the law of nations. *Recueil des Cours*, 123, 121-210.

Bagde, U. (2014). Essential elements of human rights in Buddhism. *Journal of Law and Conflict Resolution*, *6*(2), 32-38. 10.5897/JLCR2013.0170

Chacko, C. J. (1958). India's contribution to the field of international law concepts. *Recueil des Cours*, 93, 121-221.

Dasgupta, C. (2016). A Brief History of Panchsheel. *Economic and Political Weekly*, *51*(1), 26–31. http://www.jstor.org/stable/44004019

Davidson, J. S. (2001). East versus West: Human rights and cultural difference. *Canterbury Law Review*, 8(1), 37-53.

Eyffinger, A. (1966). *The International Court of Justice 1946–1996*. Kluwer Law International.

Geneva Conventions of 12 August 1949 (1980). International Committee of the Red Cross. https://www.icrc.org/sites/default/files/external/doc/en/assets/files/publications/icrc-002-0173.pdf

Glucklich, A. (1994). *The Sense of Adharma*. Oxford University Press.

Grady, S. G. (1869). *Institutes of Hindu law; or, The ordinances of Manu* (3rd ed.). Wm H Allen & Co.

Griswold, H. D. (1971). *The Religion of the Rigveda*. Motilal Banarasidas.

Ishay, M. (2008). *The history of human rights: From ancient times to the globalization era*. University of California Press.

Janis, M. W., & Evans, C. M. (Eds.). (1999). *Religion and international law*. Martinus Nijhoff Publishers.

Koller, J. M. (1982). *The Indian Way* (p. 62). Macmillan Publishing Co., Inc.

Owakah, A., & Francis, E. (2025). Bridging Eastern and Western human rights: A comparative analysis and convergence. *Journal of Philosophy of Law*, 4(1), 54-74.

Penna, L. (1985). Traditional Asian approaches: An Indian view. *Australian Yearbook of International Law*, 9, 168-206.

Radhakrishnan, S. (2012). *The Principal Upanisads* (Introduction, text, translation & notes, p. 105). Harper Collins Publishers, George Allen & Unwin.

Rai, L. D. (1995), *Human rights in the Hindu Buddhist tradition*. Nirala Publication.

Sastry, K. R. R. (1966). Hinduism and international law. In *Recueil des Cours* (Vol. 117, pp. 507-614).

Singh, A. N., & Singh, P. (2009). What Can International Law Learn from Indian Mythology, Hinduism and History?. *JE Asia & Int'l L.*, *2*, 239-271

Sivananda, S. (1993). *All about Hhinduism*. Divine Life Society. https://www.dlshq.org/download/pdf

Subedi, S. P. (1999). Are the principles of human rights Western ideas? An analysis of the claim of the Asian concept of human rights from the perspectives of Hinduism. *California Western International Law Journal*, 30, p.45.

Subedi, S. P. (2003). The concept in Hinduism of 'Just War'. *Journal of Conflict and Security Law*, 8(2), 339–361.https://doi.org/26294280

Subedi, S. P. (2021). *Human right rights in eastern civilisation*. Edward Elgar Publisher.

Thapa, S. (2024). From philosophy to practice: Buddha's Panchsheel in the modern diplomatic arsenal of small states. *Supra: Global Journal of Humanities and Social Sciences Innovations*, 1(1)36-46. http://dx.doi.org/10.2139/ssrn.5149321

United Nations (2010). *UN Universal Declaration of Human Rights 1948*. https://www.ohchr.org/en/human-rights/universal-declaration/translations/nepali, pdf

Vyas, R. P., & Murarka, R. (2018). Understanding human rights from an Eastern perspective: A discourse. *In Asian Yearbook of International Law* (Vol. 24, pp. 41–59). https://doi.org/10.1163/9789004437784_004

Weeramantry, C. G. (1998). *An Invitation to the Law* (p. 23). Lawman.

Weeramantry, C. G. (2007). Buddhism and humanitarian law. In V. S. Mani (Ed.), *Handbook of International Humanitarian Law in South Asia* (pp. 4–5). Oxford University Press.

Wilson, H. H. (Trans.). (1972). *The Vishnu Purana: A System of Hindu Mythology and Tradition* (Publisher's Note). Punthi Pustak.

Younger, P. (2020). *The Indian Religious Tradition*. Bharatiya Vidya Prakashan.